ISSN: 3021-9353

# सञ्चय कोष

ई-न्यूज़लेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १२ । अंक ४९ ।

२०८१ श्रावण-असोज

# कोषको ६३औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न




कोषले आफ्नो ६३औं वार्षिकोत्सव भदौ ३१ गते नेपाल प्रज्ञा प्रतिष्ठान भवन, कमलादीमा भव्यताका साथ मनाएको छ । उक्त कार्यक्रम माननीय उपप्रधान एवम अर्थमन्त्री विष्णु प्रसाद पौडेलको




प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कोष सञ्चालक समितिका अध्यक्ष एवं नेपाल सरकारका सचिव (राजस्व) श्री दिनेश कुमार घिमिरेले अध्यक्षता गर्नुभएको कार्यक्रमलाई कोषका मुख्य प्रबन्धक श्री शान्ता गौतमले सञ्चालन गर्नुभएको थियो ।

सञ्चालक समितिका सदस्यहरू, बैंक तथा वित्तिय संस्थाका प्रमुखहरू, पत्रकार, कोषका सर्म्पूण कर्मचारी, कोषका पूर्व प्रशासक तथा पूर्व कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा कोषका सह-प्रशासक जीवन कुमार कट्वालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कोषका प्रशासक जितेन्द्र धितालज्यूले कोषको वर्तमान अवस्था र भावी कार्य योजनाको विवरण प्रस्तुत गर्नु हुँदै सञ्चयकर्ता सन्तुष्टि अभिवृद्धि गर्न कोष सदैव लागिरहने प्रतिवद्धता व्यक्त गर्नुभयो । सोही अवसरमा माननीय उपप्रधान एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले संस्थागत सुदृढीकरणको माध्यमबाट सञ्चयकर्ता तथा योगदानकर्ताको सन्तुष्टिप्रति लक्षित भई गुणस्तरीय, प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाहमा कोष परिवार थप उर्जावान भई लाग्नुपर्ने आवश्यक देखिएको औंल्याउदै शुभकामना व्यक्त गर्नुभयो ।

क्रमशः...पेज २




सो अवसरमा ISSA का अध्यक्षले पठाउनुभएको श्रव्य दृश्य शुभकामना सन्देश समेत प्रस्तुत गरिएको थियो ।




वार्षिकोत्सवका अवसरमा कोषबाट प्रकाशित हुने कोष पत्रिकाको लोकार्पण माननीय अर्थमन्त्री पौडेलबाट गरिएको थियो । कार्यक्रममा क्रियाशिल कर्मचारी संगठनका अध्यक्षहरूबाट शुभकामना मन्तब्य व्यक्त गरिएको थियो ।




यस उपलक्ष्यमा कोषमा १५ वर्ष सेवा अवधि पुरा गरेका १४ जना कर्मचारीलाई सेवा पदक तथा पुरस्कारबाट सम्मान गरिएको थियो । त्यस्तै २०८० सालको एस. ई. ई. परीक्षामा उत्कृष्ट जीपीए ल्याई उत्तिर्ण हुने कोषका कर्मचारीका सन्ततिहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । वार्षिकोत्सवका



अवसरमा आयोजना गरिएका विविध खेलकुद प्रतियोगितामा विजयी हुने कर्मचारीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो । कार्यक्रमलाई थप मनोरञ्जनपूर्ण बनाउन सहभागी कर्मचारीलाई स्वेच्छिक रूपमा आफ्नो प्रस्तुति पस्कने मौका समेत दिइएको थियो ।

# प्रभातफेरि कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चयकोषले आफ्नो ६३औं वार्षिकोत्सवका अवसरमा भाद्र ३१ गते प्रभातफेरी कार्यक्रम आयोजना गर्‍यो । कोषको प्रधान कार्यालय पुल्चोकबाट सुरू भएको प्रभातफेरि कुपण्डोल, थापाथली, माईतीघर हुदै पुनः कोषको मुख्यालयमा पुगेर समापन भएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपालको व्याण्ड बाजाले थप रौनकता थपिएको थियो । त्यस्तै नेपाल प्रहरी र ट्राफिक प्रहरीले ट्राफिक व्यवस्थापनमा सहजिकरण गरेका थिए । कोषका कर्मचारीको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रम सहज तवरबाट सम्पन्न गर्न सहयोग गर्नुहुने नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल र सहभागीहरूलाई कोषका प्रशासक श्री जितेन्द्र धितालज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



# रक्तदान कार्यक्रम सम्पन्न





कोषले ६३ औं वार्षिकोत्सवको अवसरमा कोषको ठमेल स्थित कार्यालयमा कोष र नेपाल रेडक्रस सोसाईटी केन्द्रीय रक्त सञ्चार सेवा, कालीमाटीको प्राविधिक सहयोगमा बृहत् रक्तदान कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा कोषका कर्मचारीहरू र कोषसँग सम्बद्ध अन्य व्यक्तिहरू गरी जम्मा ५२ जना रक्तदाताहरूले रक्तदान गरेका थिए । उक्त कार्यक्रममा सहभागी रक्तदाताहरूलाई कोषका प्रशासकज्यूबाट प्रमाणपत्र वितरण गरिएको थियो ।

# नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन

कर्मचारी सञ्चय कोष, सञ्चय कोष पूर्व कर्मचारी मञ्च र के. एम. सी. अस्पताल सिनामंगलको समन्वयमा कोषका पूर्व कर्मचारी, कार्यरत कर्मचारी र कोषसँग सम्बद्ध व्यक्तिहरू समेतको सहभागिता रहने गरी कोषको ठमेल स्थित कार्यालयमा नि:शुल्क स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न भयो ।



# सामाजिक सुरक्षामा करिब २२ करोड रकम वितरण

आर्थिक वर्ष २०८१/०८२ को पहिलो तीन महिनामा कोषले कुल ७ हजार २ सय ७ सञ्चयकर्तालाई करिब २२ करोड रकम वितरण गरेको छ । सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोग तर्फ १ हजार ४९ जना सञ्चयकर्तालाई ३ करोड ९२ लाख, घातक रोगका लागि ३७१ जना सञ्चयकर्तालाई ४ करोड ८३ लाख रूपैया प्रदान गरिएको छ । यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत ४ हजार १ सय ८५ सञ्चयकर्तालाई ३ करोड १३ लाख, काजकिरिया अनुदान सुविधा १२१ जनाका आश्रित परिवारलाई ४८ लाख ४० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ३६ जनालाई ७० लाख २५ हजार रूपैया प्रदान गरिएको छ ।

# KYC अद्यावधिक

२०८१ श्रावण देखि हालसम्म १५,६८६ सञ्चयकर्ताको KYC अद्यावधिक गरिएको छ । हाल सम्म ७,९५,८४६ सञ्चयकर्ताको Individual KYC (व्यक्तिगत के वाई सी) अद्यावधिक भैसकेको छ । त्यसैगरी यो आर्थिक वर्षको ३ महिनाको अवधिमा ४२२ Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यो सँगै असोज मसान्तसम्ममा २९,९५९ हजार कार्यालयको Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।

# नीतिगत व्यवस्था

## “सार्वजनिक निकायका कर्मचारीहरुको निवृत्तभरण तथा उपदान कोष सञ्चालन विनियमावली २०८१” लागु

सञ्चालक समितिको मिति २०८१/०६/११ ( बैठक नं. १६९४) को निर्णयवाट सोही मितिदेखि लागु हुने गरी “सार्वजनिक निकायका कर्मचारीहरूको निवृत्तभरण तथा उपदान कोष सञ्चालन विनियमावली २०८१” लागु गरिएको छ । सार्वजनिक निकायका कर्मचारीहरूका लागि निवृत्तभरण तथा उपदान योजना सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा ३०क. ले दिएको अधिकार प्रयोग गरी कोष सञ्चालक समितिले यो विनियमावली वनाई लागु गरेको छ ।

५ परिच्छेद रहेको नियमावलीको परिच्छेद २ मा कोषले सार्वजनिक निकायका लागि योगदानमूलक आजीवन निवृत्तभरण योजना, योगदानमूलक आवधिक निवृत्तभरण योजना र योगदानमूलक उपदान योजना गरी तीन किसिमका योजना सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायले यी मध्ये कुनै एक वा एकभन्दा बढी योजनामा सहभागी हुने गरी योजना छनौट गर्न सक्नेछ र नियमावलीमा व्यवस्था भएबमोविजमको योगदान रकम कोषमा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा गरेको रकमले नियमावलीले तोकेको सुविधा भुक्तान गर्न नपुग भएमा कोषले योजना स्थगन गर्न वा योजना रूपान्तरण गर्न वा कोषमा मौज्दात रहेको रकमको सिमासम्म मात्र सुविधा प्रदान गर्न सक्नेछ । यसैगरी परिच्छेद ३ मा कोषले सार्वजनिक निकायका लागि विशेष योजनाका रूपमा आजीवन निवृत्तभरण सुविधा, उपदान सुविधा र अन्य सुविधाको सञ्चालन र व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ । परिच्छेद ४ मा योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ । जसमा योजनामा सहभागीताका लागि आवश्यक कागजात, रकम तथा विवरण संकलन, व्यक्तिगत नम्वर, व्यक्तिगत खाता, व्याज तथा मुनाफा, रकमको परिचालन, सुविधा भूक्तानीको सञ्चालन तथा व्यवस्थापन गर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ ।

परिच्छेद ५ मा विविध शिर्षक अन्तर्गत सार्वजनिक निकायको जिम्मेवारी, कोषको अधिकार, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था गरिएको छ । सार्वजनिक निकायका कर्मचारीहरुको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका २०७७ खारेज गरी सो अनुरूप भएका काम कारवाही यसै विनियमावली बमोजिम गरिएको मानिने व्यवस्था गरिएको छ ।

## नेपाल टेलिकम र कर्मचारी सञ्चयकोषबीच डाटा शुल्क सम्बन्धी सम्झौता

कर्मचारी सञ्चय कोष र नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) बीच ३१ भदौमा भएको सम्झौता बमोजिम असोज १ देखि लागु हुने गरी सञ्चयकर्ताहरुले नेपाल दुरसञ्चारको नेटवर्क मार्फत कोषको मोबाइल एप प्रयोग गर्दा डाटा एवं ईन्टरनेट शुल्क नलाग्ने भएको छ ।

## डिजिटल भुक्तानीको लागि फोनपे र नेपाल पेमेन्ट सोलुसन (NPS) सँग अन्तर आवद्धता


NPS र कोषबीच भएको सम्झौता

कोषबाट हुने भुक्तानी र सापटी फिर्ता लगायतका आर्थिक कारोबारहरू विद्युतिय माध्यमबाट गर्नको लागि कर्मचारी सञ्चय कोष र भुक्तानी प्रदायक संस्थाहरू, PSO Nepal Payment Solution (NPS) र Fonepay Payment Service Ltd. सँग ए पि आईमा आधारित होस्ट टु होस्ट (H2H) भुक्तानी सुविधा प्रदान जुन २०२४ मा सम्झौता भएको छ ।

यस सम्झौतास्वरूप सञ्चयकर्तारूले १९ वटा कमर्सियल बैंक, १४ वटा विकास बैंक र १४ वटा फाइनान्स कम्पनिहरूको मोवाईल बैंकिङ्ग एप्स, इन्टरनेट वैकिङ्ग र ओम्नी च्यानल वेबसाइटहरू मार्फत सजिलै भूक्तानी गर्न सकिने भएको छ ।

# अधिकृतस्तरीय तालिम सम्पन्न

यहि मिति २०८१ भाद्र १० - ११ तथा असोज ७ - ९ गतेसम्म Peaceful Cottage and Cafe Du Mount Nagarkot मा कोषका विभिन्न विभाग, शाखा तथा सेवा केन्द्रहरूमा हुने काम कारवाहीसँग सम्बन्धित विषयमा दुई चरणमा तालिम कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा कोषका उप-प्रवन्धक र सहायक प्रस्तुतिका माध्यमबाट प्रष्ट पार्नुभएको थियो । विभागस्तरमा उठने सवालका विषयमा सम्बन्धित विभागका मुख्य प्रबन्धकहरू क्रमशः ध्रुव प्रसाद अधिकारी, दामोदर प्रसाद सुवेदी, विरेन्द्र पौडेल, सुवास खड्का, दर्शन भट्टराई, सागर कुमार सिंह, नगेन्द प्रसाद पौडेल र वरिष्ठ प्रवन्धक निर्मला हुमागाईले



प्रवन्धक तहका कर्मचारीहरूको सहभागिता रहेको थियो । पहिलो चरणमा ६८ र दोश्रो चरणमा ७२ जना कर्मचारीको सहभागिता रहेको कामर्यक्रमा जुनियर अधिकृतहरूबीच Team work को विकास गर्ने तथा नेतृत्व क्षमताको अभिवृद्धि गर्ने उद्धेश्यले सञ्चालित उक्त तालिममा सहभागीहरूले तोकिएको विषयमा छलफल गरी सामुहिक रूपमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कोषको कार्यसञ्चालन तथा संस्थागत व्यवस्थापनका सम्बन्धमा उठ्ने विविध सवालका विषयमा सह-प्रशासकद्वय श्री जीवन कुमार कट्वाल र श्री भरतराज वस्तीले आ-आफ्नो कार्यपत्र आफ्नो कार्यपत्र प्रस्तुतिका माध्यमबाट प्रष्ट्याउनु भएको थियो । साथै कार्यक्रममा सहभागीहरूले तालिम तथा विकास शाखाका प्रवन्धक झलकराज शर्माबाट आर्ट अफ लिभिङको योगा तथा ध्यान विधि समेत सिक्ने मौका पाएका थिए । दुवै चरणको कार्यक्रमको अन्तिम सत्रमा कोषका प्रशासक श्री जितेन्द्र धितालज्यूले तालिमले कर्मचारीहरूको व्यक्तिगत तथा सांगठनिक दक्षतामा सकारात्मक प्रभाव पार्ने हुँदा यस्ता कार्यक्रम आगामी दिनमा समेत सञ्चालन गरिने कुरा व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।



# शाखा कार्यालय धनगढी

## वार्षिकोत्सव कार्यक्रम



मिति २०८१/०५/३१ गते कोषको ६३ औ वार्षिकोत्सवको अवसरमा कोषको शाखा कार्यालय धनगढीले एक कार्यक्रम आयोजना गरी भव्यताकासाथ सम्पन्न गरेको थियो । उक्त कार्यक्रमको प्रमुख आतिथ्यता सुदुरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव डा. हरि प्रसाद लम्सालले गर्नुभएको थियो । कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत संघीय, प्रदेश तथा स्थानीय तह अन्तर्गतका मन्त्रालय तथा कार्यालयका कार्यालय प्रमुख, विद्यालयका प्रधानाध्यापक, सार्वजनिक निकायका प्रमुख सहित अन्य सरोकारवालाको करिव ९७ जना अतिथिहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख राजेन्द्र लामिछानेले गर्नुभएको थियो ।




## खेलकुद कार्यक्रम



कोषको ६३ औ वार्षिकोत्सवको अवसरमा कोषको शाखा कार्यालय धनगढीले विभिन्न प्रकारका खेलकुद कार्यक्रम आयोजना गरी भव्यताकासाथ सम्पन्न गरेको थियो । खेलकुद कार्यक्रम अन्तर्गत हाजिरी जवाफ प्रतियोगितामा टिम अन्नपुर्णले प्रथम स्थान हासिल गरेको थियो । उक्त टिमका सदस्यमा सहायक प्रवन्धक देवकी भट्ट र सहायक संघर्ष श्रेष्ठ रहनु भएको थियो । त्यसैगरी मैत्रीपुर्ण फुटसल खेलमा टिम साईपालले प्रथम स्थान हासिल गरेको थियो । लुडो, बागचाल, घैटो फुटाउने, क्यारामवोर्ड, म्यूजिकल चेयर्स, व्याडमिन्टन लगायतका खेलकुद कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

## अन्तरक्रिया कार्यक्रम

मिति २०८१ साल असोज ५ गते कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरूको सहभागितामा कोषको सेवा प्रवाह, सुविधा र कोषको भावि कार्यक्रम तथा कार्यदिशाका सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कोषको तर्फवाट कार्यालय प्रमुख राजेन्द्र लामिछानेले प्रस्तुतीकरण गर्नुभएको थियो । साथै कोषका सहायक संघर्ष श्रेष्ठले कार्यक्रममा सहजिकरण गर्नुभएको थियो ।

## KYC अध्यावधिक

मिति २०८१ साल असोज २० देखि २३ गतेसम्म सुदुरपश्चिम प्रदेश अन्तर्गतका अछाम, डोटी र डडेल्धुरा जिल्ला स्थित गोरखबक्स गण, अछाम, श्री ५ नं. बाहिनी अड्डा, डोटी र श्री अर्जुन वाण गण, डडेल्धुरामा नयाँ भर्ना सैनिक जवानहरू क्रमश १०७ जना, १०६ जना र १०२ जना गरी जम्मा ३१५ जनाको अन साईट KYC विवरण अध्यावधिक गर्ने कार्य सम्पन्न भयो । उक्त कार्यमा कोषका प्रमुख सहायक नमराज विष्ठ र सहायक संघर्ष श्रेष्ठले सहजिकरण गर्नुभएको थियो ।

# वार्षिकोत्सवका अवसरमा कार्यक्रम आयोजना






कोषको ६३औं वार्षिकोत्सवको अवसरमा शाखा कार्यालय, सुर्खेतले एक कार्यक्रमको आयोजना गरेको छ । उक्त वार्षिकोत्सव कार्यक्रममा शाखा कार्यालयका प्रमुख एवं वरिष्ठ प्रबन्धक श्री ध्रुव प्रसाद तिवारीले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो । कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष माननीय श्री सूर्यनाथ योगी प्रमुख अतिथि तथा कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष माननीय सदस्यद्वय श्री अशोकनाथ योगी र श्री डम्बर बहादुर रावल, सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्य, सुर्खेत बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री माधव प्रसाद खनाल र आर्थिक मामिला तथा योजना मन्त्रालयका नि.सचिव श्री गणेश बहादुर डाँगी विशेष अतिथि रहनुभएको थियो । कार्यक्रममा सुर्खेत जिल्लास्थित विभिन्न सरकारी कार्यालय तथा संस्थानका कार्यालय प्रमुखहरु सहित करिब ७५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा शाखा कार्यालयका प्रमुख एवं वरिष्ठ प्रबन्धक श्री ध्रुव प्रसाद तिवारीले कोषको आ.व.२०८१/८२ को समग्र वित्तीय अवस्था, कोषले गत वर्ष गरेका प्रमुख उपलब्धी तथा आ.व.२०८१/८२ मा शाखा कार्यालयबाट भएका प्रगति सम्बन्धमा जानकारी प्रस्तुत, उप-प्रबन्धक श्री भरत कुमार साउदले कार्यक्रम सञ्चालन र सहायक प्रबन्धक श्री विन्दु पाण्डे पन्थले स्वागत मन्तब्य राख्नुभएको थियो ।

## कर्णाली प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागिता

पेशागत महासंघ, कर्णाली प्रदेशले मिति २०८१ आश्वीन ४ र ५ गते आयोजना गरेको कर्णाली प्रदेशस्तरिय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा कर्मचारी सञ्चय कोषबाट प्रदान हुने सेवा सुविधा लगायतका विषयमा शाखा कार्यालयका प्रमुख एवं वरिष्ठ प्रबन्धक श्री ध्रुव प्रसाद तिवारीले मिति २०८१ आश्वीन ५ गते कोषको तर्फबाट प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा कोषको सेवा सुविधा र योगदानमा आधारित निवृत्तभरणको आवश्यकता र योगदानमा आधारित निवृत्तभरण कोषको सञ्चालनको जिम्मेवारी नेपाल सरकारले कर्मचारी सञ्चय कोषलाई प्रदान गरेअनुरुप कोषले सो सम्बन्धी कार्य गरिरहेको सम्बन्धमा छलफल तथा अन्तरक्रिया समेत भएको थियो । उक्त कार्यक्रममा कर्णाली प्रदेश अन्तर्गतका जिल्लाका करिब १२५ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



# शाखा कार्यालय कोहलपुर

## कोषको ६३ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न



वि.स. २०१९ साल भाद्र ३१ गते स्थापना भई आफ्नो स्थापना कालको ६३ औं बर्ष प्रबेश गरेको उत्कृष्ट सामाजिक सुरक्षण संस्थाको वार्षिकोत्सव मिति २०८१ भाद्र ३१ गते शाखा कार्यालय कोहलपुरले एक समारोहबीच सफलताका साथ सम्पन्न गरेको छ।

शाखा कार्यालय कोहलपूरको वार्षिकोत्सव समहारोहलाई सफल बनाउन आउनु भएका प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि गण तथा सहभागीहरुलाई कोषका सहायक प्रबन्धक मोहनराज कंडेलले स्वागत मन्तब्य प्रस्तुत गर्नुभएको थियो। कार्यालय प्रमुख शशि कुमार देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन कोषका उप-प्रबन्धक नविन पौडेलले गर्नुभएको थियो। कोषको वार्षिकोत्सवको अवसरमा विभिन्न खेलकुद कार्यक्रमहरुमा सहभागि शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुमध्येबाट विजेता तथा उपविजेताहरुलाई कार्यक्रमका प्रमुख अतिथिबाट खेलकुद पुरस्कार वितरण गरिएको थियो।

# शाखा कार्यालय बुटवल

## शाखा कार्यालय बुटवलद्वारा ६३औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न




कर्मचारी सञ्चय कोष, शाखा कार्यालय बुटवलले कोषको ६३औं वार्षिकोत्सव मनाएको छ। शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख कृष्ण बहादुर जी.सी. को अध्यक्षता तथा रुपन्देही जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न वार्षिकोत्सव समारोहमा कार्यालय प्रमुख तथा सञ्चयकर्ता कर्मचारीहरुको सहभागिता रहेको थियो। उप-प्रबन्धक बालकृष्ण अर्यालले सञ्चालन गर्नुभएको कार्यक्रममा सहायक प्रबन्धक पवित्रा पन्थीले स्वागत गर्नुभएको थियो। उक्त कार्यक्रममा उप-प्रबन्धक बिकाश भट्टराईले कोषको हालको अवस्था, गतिविधिहरु, कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएका वित्तीय सेवा, सामाजिक सुरक्षा सुविधाहरुको बारेमा जानकारी दिनुका साथै कोषले सञ्चयकर्ता सापटी भुक्तानीलाई पूर्णरुपमा Faceless/Counterless बनाई Digital EPF को अवधारणा कार्यान्वयन गर्ने तर्फ अग्रसर रहेको जानकारी गराउनुभयो।

# ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सम्पन्न



शाखा कार्यालय बुटवलले मिति २०८१/०६/२३ गते सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा सम्बन्धमा शाखा कार्यालयका कर्मचारीहरुबीच ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमका प्रस्तोता उप-प्रबन्धक बिकाश भट्टराईले सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधाको परिचय, प्रकृया, सामाजिक सुरक्षा योजना सञ्चालन विनियममा भएका व्यवस्थाहरु, स्वास्थ्य उपचारको फाइलहरु दर्ता गर्दा ध्यान दिनुपर्ने विषयहरुको बारेमा जानकारी दिनुभएको थियो । सहभागी कर्मचारीहरुले सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा सम्बन्धी आफ्ना अनुभव तथा ज्ञानहरु आदानप्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा बोल्दै शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख कृष्ण बहादुर जी.सी.ले यस प्रकारका कार्यक्रमले कर्मचारीहरुको ज्ञान तथा अनुभव आदानप्रदान भई कर्मचारीहरुको कार्यदक्षता तथा कार्यकुशलता अभिवृद्धी हुनुका साथै सेवा प्रवाहमा सुधार आई संस्थागत प्रभावकारिता अभिवृद्धी हुने बताउनु भएको थियो।

# शाखा कार्यालय पोखरा

## कोषको ६३ औं वार्षिकोत्सव सम्पन्न




कोषले प्रत्येक वर्ष भाद्र ३१ मा वार्षिकोत्सव मनाउने गरेकोमा यस वर्ष देशव्यापीरुपमा सबै शाखा कार्यालय तथा सेवा केन्द्रहरुले समेत भव्य र सभ्यरुपमा मनाउने उद्देश्यले वार्षिकोत्सव मूल समारोह समितिको निर्णयबमोजिम गठन भएको शाखा उपसमन्वय समितिको निर्देशनअनुरुप शाखा कार्यालयका कर्मचारीहरुको खेलकूद तथा पुरस्कार वितरणसहित वार्षिकोत्सव मनाइएको छ।

पोखरा, ड्यामसाइडस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजन गरिएको वार्षिकोत्सव समारोहको प्रमुख अतिथि गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिव श्री लक्ष्मी कुमारी बस्नेत हुनुहुन्थ्यो भने विशेष अतिथि जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी श्री भरतमणि पाण्डे लगायतका उच्चपदस्थ व्यक्तिहरु हुनुहुन्थ्यो। शाखा कार्यालय पोखराका कार्यालय प्रमुख श्री मदन सुवेदीको अध्यक्षतामा वार्षिकोत्सव समारोह कार्यक्रम सम्पन्न भएको थियो।

समारोहमा नेपाली सेना, नेपाल प्रहरी, निजामति कर्मचारी, शिक्षक, संस्थान तथा विभिन्न निजी तथा सार्वजनिक प्रतिष्ठानका कार्यालय प्रमुखसहित करीब १०० जनाको उपस्थिति थियो। उक्त समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा विशेष अतिथिहरुले कोषलाई शुभकामना दिदै सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै कोषलाई झनै सुदृढ बनाउने सम्बन्धमा सुझावहरु दिनुभएको थियो।

कोषको स्थापना, उद्देश्य, कार्यक्षेत्रबारे आम सञ्चयकर्तालाई जानकारी दिदै कोषको सेवासुविधाको प्रचारप्रसारसमेत हुनेगरी वार्षिकोत्सव समारोहलाई अझ उल्लासमयरुपले मनाउँदा कोष, स्थानीय निकाय र सञ्चयकर्ताबीच सुमधुर सम्बन्ध स्थापित हुने बताउनुभयो।



# शाखा कार्यालय हेटौडा

## कर्मचारी सञ्चय कोषको ६३औं वार्षिकोत्सवको सम्पन्न



“सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष” भन्ने नाराका साथ कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाले कोषको ६३औं वार्षिकोत्सव मनाएको छ ।

कोषको शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख डा. दिलिपराज पौडेलको अध्यक्षता र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बागमती प्रदेशका निमित्त प्रमुख सचिव श्री कृष्णकुमार कार्कीको प्रमुख आतिथ्यतामा वार्षिकोत्सव समारोह आयोजना गरिएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै निमित्त प्रदेश सचिव कार्कीले कोषले आफ्नो सेवाप्रवाहलाई स्तरीय बनाउनुपर्ने, लगानीका दायराहरु




विस्तार गर्दै जानुपर्नेमा जोड दिनुभयो । उहाँले सञ्चयकर्ताको रकमलाई कोषले उत्पादनमूलक क्षेत्रमा लगाउनु पर्ने बताउनुभयो । स्रोतको दिगो व्यवस्थापन कोषको चुनौती रहेको बताउँदै यस विषयमा समिक्षा गर्न जरुरी रहेको उहाँको भनाई थियो ।

कार्यक्रमका विशिष्ट अतिथि आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री कृष्ण प्रसाद मैनाली, प्रमुख जिल्ला अधिकारी श्री तीर्थराज चिलुवाल लगायतले शुभकामना दिनुभएको थियो । कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले कोषको गतिविधि, सेवा



सुविधा, शाखा कार्यालय हेटौडाले प्रवाह गरेको सेवा सुविधाका बारेमा जानकारी प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा हेटौडा स्थित विभिन्न देवि देवताका मन्दिरहरुमा पुजाअर्चना गर्नुका साथै प्रभात फेरी तथा विभिन्न अतिरिक्त क्रियाकलापहरु समेत सञ्चालन गरिएको थियो । वार्षिकोत्सवकै अवसरमा मिति २०८१/०५/२७ गते कोषको शाखा कार्यालय हेटौडाको आयोजना, कर्मचारी मिलन केन्द्र, मकवानपुरको समन्वय र चुरे हिल अस्पताल, हेटौडाको प्राविधिक सहयोगमा कोषका सञ्चयकर्ता र उनीहरुका परिवारका लागि निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको थियो ।

### गतिविधि

श्री न. ७ बाहिनी अड्डा चनवन व्यारेक मकवानपुरमा मिति २०८१/०५/२१ र २२ गते करिब १५० जना सञ्चयकर्ताहरुको onsite kyc, नयाँ डिजिटल परिचय पत्र वितरण, सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधाहरुको जानकारी एवम् Password reset, Online sapati, Connect ips बाट विभिन्न सापटीको भुक्तान गर्ने सम्बन्धमा Demo मार्फत जानकारी प्रदान गरिएको थियो ।



# शाखा कार्यालय जनकपुर

## कर्मचारी सञ्चय कोषको ६३औं वार्षिकोत्सव सम्पन्न






मिति २०८१/०५/३१ गते सम्पन्न ६३औं वार्षिकोत्सव कार्यक्रम मिथिला यात्री निवास होटल, जनकपुरधाममा प्रमुख अतिथि निमित्त मुख्य सचिव राजन नेपाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय जनकपुरधामको आतिथ्यमा सम्पन्न भयो । उक्त कार्यक्रममा बिशेष अतिथिहरु सुवास चन्द्र शिवाकोटी प्रदेश सचिव, मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, रामुराज कडरिया प्रमुख जिल्ला अधिकारी, धनुषा जिल्ला, भुबनेश्वर तिवारी, प्रहरी उपरिक्षक धनुषा जिल्ला, अतिथि नवराज नेपाल, कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखज्यूहरुले शुभकामना मन्तव्य व्यक्त गर्दै सञ्चय कोषले सञ्चयकर्ताहरु प्रति गरेको सेवा प्रवाह तथा सुविधाहरु सन्तोषजनक रहेको तथा अन्य सुबिधा समय सापेक्ष बनाउदै जानु पर्ने बताउनु भयो । कार्यक्रममा कार्यालय प्रमुख तथा प्रतिनिधि एबम् अन्य कर्मचारीहरु सहित ६५ जनाको उपस्थिती रहेको थियो । शाखा कार्यालयका प्रमुख राम प्रसाद लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उप-प्रबन्धक लोकनाथ ताजपुरीयाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# शाखा कार्यालय विराटनगर

## कोषको ६३ औं वार्षिकोत्सव समारोह सम्पन्न



कर्मचारी सञ्चय कोष ६२ वर्ष पुरा गरी ६३औं वर्षमा प्रवेश गरेको अवसरमा शाखा कार्यालय विराटनगरको आयोजनामा कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव श्री केदारनाथ शर्माको प्रमुख आतिथ्यतामा कोशी प्रदेश अन्तर्गतका सम्पूर्ण मन्त्रालयका सचिव, विराटनगरस्थित संघीय कार्यालय, प्रदेश कार्यालय, सार्वजनिक निकाय लगायतका कार्यालयका प्रमुख तथा विराटनगरस्थित स्थानीय निकायका कार्यकारी प्रमुख, कोषका पुर्व कर्मचारी समेतको सहभागितामा ६३ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरियो ।

शाखा कार्यालय प्रमुख श्री राम शरण अर्यालको अध्यक्षतामा आयोजित कार्यक्रमलाई शाखा कार्यालयका सहायक प्रबन्धक श्री अरविन निरौलाले सञ्चालन गर्नुभएको थियो भने सहायक प्रबन्धक श्री इन्दिरा वलले स्वागत मन्तव्य राख्नुभएको थियो ।

उक्त कार्यक्रममा शाखा कार्यालय प्रमुख श्री राम शरण अर्यालले कोषको गतिविधि, कोषको भावी कार्यदिशा, कोषले सञ्चयकर्तालाई प्रदान गरेका सेवा तथा विभिन्न सामाजिक सुरक्षा सुविधाको विषयमा बताउनुभयो । सोहि अवसरमा मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद भट्टराईले सञ्चयकोषको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना मन्तव्य राख्दै राज्यको आवश्यकता परेको बेलामा सञ्चयकोषको भुमिका उल्लेखनीय रहेको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदका प्रमुख सचिव श्री केदार नाथ शर्माले सञ्चय कोषको सेवा प्रवाह राम्रो भएता पनि कोषको ठूलो रकम लगानी सम्बन्धमा नीतिगत विषयमा सुधार गर्नुपर्ने अवस्था रहेकोले कार्यालय प्रमुख मार्फत उच्च व्यवस्थापनलाई सुझाव दिनुभएको थियो ।

# KYC तथा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम



शाखा कार्यालय विराटनगरद्वारा मिति २०८१ असोज १३ गते श्री नेपाल सरकार, रक्षा मन्त्रालय, नेपाली सेना, रण शार्दूल गण, गढीथुम्का ब्यारेक इलाममा कर्मचारी सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधा र उक्त सेवा सुविधा लिनको लागि आवश्यक कागजात तथा प्रकृया सम्बन्धमा नेपाली सेनाका अधिकृत तथा जवानहरुको उपस्थितिमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा नवनियुक्त सैन्य तथा जवानहरुको KYC edit, KYC update & Verify तथा डिजिटल परिचयपत्र प्रिन्ट गर्न आवश्यक कागजात संकलन गर्ने कार्य गरियो।

# सेवा केन्द्र धनकुटा

## कोषको ६३औं वार्षिकोत्सव समारोह सम्पन्न



कर्मचारी सञ्चयकोषको ६३औं वार्षिकोत्सवको उपलक्ष्यमा सेवा केन्द्र, धनकुटाले एक कार्यक्रम सम्पन्न गरेको छ। धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री पुण्य विक्रम पौडेलको प्रमुख आथित्यतामा भएको कार्यक्रमको अध्यक्षता सेवा केन्द्र धनकुटाका कार्यालय प्रमुख श्री दीपकमणि रिसालले गर्नुभएको थियो भने श्री नं २. बाहिनीका बाहिनीपति सहायक रथी दिल विक्रम सुव्वा विशिष्ट अतिथिका रुपमा रहनु भएको थियो। कोषका सहायक प्रबन्धक श्री देवानन्द वैजनाथले सञ्चालन गर्नु भएको कार्यक्रममा सहायक प्रबन्धक श्री समीर बराईलीले स्वागत मन्तव्य राख्नुभएको थियो। कार्यक्रमको औपचारिक उद्घाटन प्रमुख अथिती प्र.जि.अ. ले पानसमा दीप प्रज्वलन गरेर गर्नुभएको थियो।

सेवा केन्द्रका प्रमुख दीपकमणि रिसालले कोषका गतिविधि बारे जानकारी गराउनुभयो। सो अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विजयी खेलाडीलाई पुरष्कृत समेत गरियो। वार्षिकोत्सवकै उपलक्ष्यमा मुलघाटमा अवस्थित श्री विश्रान्ती मन्दिरद्वारा सञ्चालित वृद्धाश्रममा विभिन्न जिन्सी सामान आदी सहयोग गरिएको थियो।

## श्री नं २ वाहिनीमा सञ्चयकर्ता अन्तरक्रिया कार्यक्रम सम्पन्न

श्री नं २ वाहिनी अड्डाको अनुरोधमा नयाँ भर्ना भएका ३१५ सैनिक जवानहरुको सम्बन्धमा यस सेवा केन्द्रलाई अनुरोध भई आएकोले मिति २०८१/०५/२८ र २९ गते अड्डामा गई महासेनानीहरु सहित नयाँ सैनिकहरुलाई कोष सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरियो। सो अवसरमा Kyc update सहित ३१४ जनाको नयाँ डिजिटल कार्ड वितरण, खाता एकिकरण फर्म संकलन, शिशु स्याहार फर्म संकलन, स्वास्थ्योपचार फायल वुझिलिने कार्य समेत गरिएको थियो।



# सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरबार

## ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सम्पन्न



सेवा केन्द्र, सिंहदरबारमा कार्यरत कर्मचारीहरुबीच ज्ञान तथा सीप आदानप्रदान गरी पेशागत दक्षता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८१/०६/१६ गते सेवाकेन्द्र प्रमुखको कार्यकक्षमा ज्ञान आदान/प्रदान (Knowledge Sharing) गर्ने कार्य सम्पन्न भएको छ । उक्त कार्यक्रममा सेवा केन्द्रको नियमित सेवा प्रक्रियासँग सम्बन्धित विभिन्न विषयहरु जस्तै सञ्चयकर्ताको व्यक्तिगत तथा संस्थागत विवरण (KYC) संकलन, अद्यावधिक तथा प्रमाणिकरण, विद्युतीय परिचयपत्र वितरण, बेचालु खाता व्यवस्थापन तथा खाता एकिकरण, ब्याज रिभर्स, विशेष सापटी एवम् कोष भुक्तानी तथा सामाजिक सुरक्षा सुविधाहरुको भुक्तानी गर्दा कोषले निर्दिष्ट गरेको सेवा प्रवाह प्रक्रिया (SOP) लगायत उक्त कारोबारहरुमा निहित जोखिम र जोखिम न्यूनीकरणका उपायहरुका सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरीयो । साथै, कोषबाट विभिन्न शीर्षकमा सापटी लिएका सञ्चयकर्ताहरुले Connect IPS तथा Mobile Banking को Fonepay मार्फत् सापटी रकम भुक्तानी गर्न सञ्चयकर्ताहरुलाई प्रोत्साहित गर्ने सम्बन्धमा छलफल गरीयो ।



## विभागीय प्रमुख श्रेष्ठको अवकाश

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख (मुख्य प्रबन्धक) श्री रोचन श्रेष्ठले मिति २०८१/०६/१० देखि लागु हुने गरी ५८ वर्ष उमेरहदका कारण अनिवार्य अवकाश पाउनुभएको छ । २७ वर्ष कोषको सेवामा अनवरत योगदान दिनुभएका श्रेष्ठले सेवाकालमा अधिकांश समय सूचना प्रबिधि विभागमा रहेर कोषका काम कामकारवाही तथा सेवा प्रवाहलाई सूचना प्रबिधिमा आधारित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**(१) सञ्चयकर्ता विवरण :**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७५ हजार | ३३ हजार ६ सय |
| निवृत्तभरण कोष | ८० हजार ४ सय | ३ हजार ८ सय |

**(२) आ.व. २०८०/८१ को अनुमानित वित्तीय अवस्था :**

| विवरण | सञ्चयकोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुललगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ५१८.४८ | ११.२१ | ३५.५१ | ६.१३ | ५७१.३३ | ५५१.५३ | ६.३७ |

**(३) वित्तीय सुविधाहरु :**

**(क)सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.४० लाखसम्म | रु.३० लाखसम्म | रु.४० लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ६.६० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ८.०० प्रतिशत | ८.०० प्रतिशत |

**(ख) ब्याजमा छुट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

**(ग) ब्याज तथा मुनाफा** : आ.व. २०८०/८१ मा कोष रकममा ब्याजदर ७.५ प्रतिशत
: आ.व. २०८१/८२ मा कोष रकममा ब्याज दर ५.५ प्रतिशत
: मुनाफा: १.१० प्रतिशत(२०७९/८० को शुरु मौज्दातमा)

**(४) सामाजिक सुरक्षा सुविधाहरु :**

(क) **सञ्चयकर्ता स्वास्थ्य उपचार योजना:**सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु. १० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) **सुत्केरी तथा शिशु स्याहार योजना:** प्रति प्रसूति रु.७,५०० (२ पटकका लागि),

(ग) **दुर्घटना क्षतिपूर्ति योजना:** सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

(घ) **काजकिरिया अनुदान योजना:** हकवालालाई रु.४० हजार ।

**(५) कोषका कार्यालयहरु :**

उपत्यकास्थित : पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।
उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६